**लक्ष्मी बैंक लिमिटेडको**

**आठौं वार्षिक साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)**

यस लक्ष्मी बैंक लि.का सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र कुमार खेतानज्यूको सभापतित्वमा बैंकको आठौं वार्षिक साधारणसभा मिति २०६५।०८।१८ गते (तदनुसार डिसेम्बर ०३, २००८) बुधवार दिनको २:१५ बजे देखि ५:०० बजे सम्म भिषुवा होटल, वीरगञ्ज, पर्सामा सुसम्पन्न भयो । साधारण सभामा उपस्थिति, छलफलका बिषय सूची, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको बैधानिकता र सभापतित्व, सभा संचालन तथा प्रतिबेदन प्रस्तूति, छलफलमा सहभागिता, छलफलका क्रममा व्यक्त गरिएका मन्तब्य, प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पूस्तिका (माइन्यूट) देहाय बमोजिम छन्:

१. उपस्थितिः

(क) **सञ्चालकहरुको उपस्थितिः**

१) श्री राजेन्द्र कुमार खेतान

२) श्री भोला बाबु अधिकारी

३) श्री गोपिकृष्ण सिकरिया

४) श्री नन्दनहरि शर्मा

५) श्री रतन लाल संघई

६) श्री शम्भु प्रसाद आचार्य (व्यवसायिक सञ्चालक)

(ख) **अन्य पदाधिकारीहरुको उपस्थितिः**

| | | |
|---|---|---|
| १) | श्री मधुसुदन अग्रवाल | सल्लाहकार |
| २) | श्री सुमन जोशी | प्रमुख कार्यकारी अधिकृत |
| ३) | श्री भुवनेश्वर प्रसाद शाह | कम्पनी सचिव/कर्पोरेट अफेयर्स डाइरेक्टर |
| ४) | श्री भुवल राई | प्रमुख- सञ्चालन जोखिम/शुशासन |
| ५) | श्री अजय शाह | प्रमुख – उपभोक्ता वित्तीय सेवा/रणनीति |
| ६) | श्री निर्मल दाहाल | प्रमुख – कर्जा जोखिम |
| ७) | श्री सुमेद भट्टराई | प्रमुख – कर्पोरेट बैंकिङ्ग |
| ८) | श्री पियुष राज अर्याल | प्रमुख – वित्त तथा कोष |
| ९) | श्री सीताराम अग्रवाल | निर्वाचन अधिकृत |
| १०) | श्री समीर शर्मा | कानूनी सल्लाहकार |

(ग) **शेयरधनीहरुको उपस्थितिः**

| | | | |
|---|---|---|---|
| १) | उपस्थित शेयरधनीहरुको संख्याः | ३९१ | जना |
| | (क) शेयरधनी स्वयंबाट | ८२ | जना |
| | (ख) प्रतिनिधि (प्रोक्सी) बाट | ३०९ | जना |
| २) | शेयरको प्रतिनिधित्व संख्या | ७३,९५,९१४ | कित्ता |
| ३) | शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | ८०.८३ | प्रतिशत |

(घ) यो सभाको मिति सम्ममा कायम रहेका १०,५७१ जना शेयरधनीहरु सभामा सहभागि हुन र मतदान गर्न योग्य थिए ।

२. **छलफलका विषयहरुः**

(क) <u>सामान्य प्रस्तावः</u>

(१) अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आठौं वार्षिक प्रतिवेदन पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६४/०६५ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण पारित गर्ने ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०६५/०६६ को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हालका लेखापरीक्षक श्री किशोर बांस्कोटा पुनः नियुक्त हुन सक्नुहुनेछ)

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम नगद लाभांश स्विकृत गर्ने ।

(५) बैंकको जारी तथा चुक्ता पुंजी वृद्धि गरी रु. १,५३,७२,००,०००/ (अक्षरेपी एक अर्व त्रिपन्न करोड वहत्तर लाख) पुर्‍याउने ।

(६) समूह (क) का शेयरधनीहरुबाट नियुक्त सञ्चालकहरुको सम्बन्धमा जानकारी गराउने ।

(ख) <u>विशेष प्रस्तावः</u>

(१) २०६५ आषाढ मसान्तमा समाप्त वर्षको मुनाफा तथा पूंजी समायोजन कोषको रकम समेत पूंजीकृत गरी बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गर्न २० प्रतिशत (५:१ को अनुपातमा) वोनस शेयर जारी गर्न तथा उक्त अनुपातमा बोनश शेयर जारी गर्दा कुनै भिन्न (Fraction) अंक आएमा शेयरधनी समूहको बर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न (Fraction) अंकको बोनस शेयरलाई पूर्ण (Whole) अंकमा परिणत गरी तदनुकुल जारी तथा चुक्ता पूंजीमा समायोजन गर्न पारित गर्ने ।

(२) बोनस शेयर जारी भई कायम भएको पूंजीको ४० प्रतिशत अर्थात १० कित्ता शेयर वरावर ४ कित्ताका दरले हकप्रद शेयर निश्काशन गर्ने प्रस्ताव पारित गर्ने ।

(३) बैंकको प्रवन्ध पत्रको संशोधन पारित गर्ने ।

(ग) विविध ।

(घ) समूह (ग) का शेयरधनीहरुवाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

३. **सूचना प्रकाशनः**

सञ्चालक समितिको मिति २०६५ साल कार्तिक महिना ०७ गते तदनुसार २३ अक्टोवर २००८ मा बसेको ८१ औं बैठकको निर्णयानुसार तथा कम्पनी कानूनमा भएको व्यवस्था बमोजिम यस लक्ष्मी बैंकको आठौं वार्षिक साधारण सभा मिति २०६५ मंसिर १८ (०३ डिसेम्बर २००८) मा वस्ने सूचना तथा बैंकको आठौं बार्षिक प्रतिबेदन शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको थियो र मिति २०६५ कार्तिक १० गते र २०६५ कार्तिक ११ गतेमा क्रमशः नेपाल समाचारपत्र र अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सो व्यहोराको सूचना प्रकाशित गरिएको थियो साथै बैंकको Web Site मा पनि सभा सम्बन्धी विवरणहरु राखिएको थियो ।

४. **गणपुरक संख्या:**

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधी मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १०५७१ | ८२ | ३०९ | ३९१ | – |
| शेयर संख्या | ९१,५०,००० | ३५,४२,७०७ | ३८,५३,२०७ | ७३,९५,९१४ | ८०.८३ |

५. **सभाको बैधानिकता तथा सभापतित्व:**

साधारण सभा हुनु अघि कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावलीको नियम ५ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको ब्यहोरा सभालाई अवगत गराउनु भयो र सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र कुमार खेतानज्यूलाई वैधानिक प्रकृया पुरा भएकोले सभा संचालन गर्न अनुरोध गर्नुभयो ।

६. **सभा संञ्चालन तथा प्रतिवेदन प्रस्तुतिः**

बैंकका अध्यक्ष श्री राजेन्द्र कुमार खेतानज्यूले उपस्थित सवै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै आ.ब. २०६४/२०६५ को अध्यक्षज्यूको मन्तव्य प्रस्तुत गर्नु भयो ।

तत्पश्चात सभापतिज्यूले सभा समक्ष सञ्चालक समितिको प्रतिवेदन सहितको बैंकको आ.ब. २०६४/२०६५ को लेखा परिक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण छलफलका लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा भाग लिन तथा बैंकको कारोवार सम्वन्धी विविध पक्षहरुमा आफ्नो विचार मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नको लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

७. **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :**

छलफलका कममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नु भयो ।

१. श्री अशोक उप्रेती
२. श्री लभ राज जोशी
३. श्री रमेश कुमार निरौला
४. श्री सज्जन कुमार अग्रवाल

लिखित राय, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्ने शेयरधनी निम्न वमोजिम रहनु भएको अध्यक्षज्यूले सभालाई अवगत गराउनु भयो ।

१. श्री डा. माधव कुमार श्रेष्ठ
२. श्री डमरु वल्लभ घिमिरे

८. शेयरधनी महानुभाबहरुले प्रस्तुत गर्नु भएको राय, जिज्ञासा, मन्तव्य तथा सुझावहरुको वारेमा अध्यक्षज्यू र अध्यक्षज्यूको आदेशमा प्रमुख कार्यकारी अधिकृतज्यूले देहाय वमोजिम जवाफ दिनु भयो ।

१) बैंकको लघुवित्त सम्बन्धी कार्यक्रम बारे जानकारी पाउन अनुरोध गर्दछु । यो कार्यक्रमको सफलता बारे शंका उठ्न सक्ने तर्फ ध्यानाकर्षण गराउंदछु ।

- गाई भैंसी खरिद गर्न करिव ५ हजार ग्रामीण किसानहरुलाई कर्जा उपलव्ध गराउने लक्ष्य राखेको यो कार्यक्रमले लोकप्रियता हासिल गरी रहेकोछ । एक प्रतिष्ठित दुग्ध उत्पादक स

ंस्थासंगको सहकार्यमा सुरु गरिएको र जोखिम व्यवस्थापनका पर्याप्त उपायहरु अपनाईएकोले यस कार्यक्रमले सफलता प्राप्त गर्ने विश्वास बैंकले लिएको छ ।

२) वैंकले प्राइम लाइफ इन्स्योरेन्समा लगानी गरेको प्रशंसनीय छ,, यो लगानीको प्रतिफल बारे प्रकाश पारिदिनु हुन अनुरोध छ ?

- यो लगानीबाट बैंकले अप्रत्यक्ष रुपमा धेरै अवसरहरु प्राप्त गर्न सक्ने हुन्छ । दीर्घकालिन प्रकृतिको लगानी भएकोले प्रतिफल उचित समयमा प्राप्त हुने बैंकले आशा लिएको छ ।

३) कर्मचारीहरुको शेयर अप्सनको विषयमा भएको प्रगति वारे प्रकाश पार्न अनुरोध छ ।

- बैंकको सातौं साधारण सभाले पारित गरे बमोजिम कर्मचारी शेयर अप्सन दिने विषयमा नियमनकारी निकाय समक्ष पत्राचार गरिएकोमा प्राप्त परिणाम बैंकको अपेक्षा र अर्न्तराष्ट्रिय प्रचलन अनुसार नभएकोले सो अनुसारको स्वीकृति प्राप्त गर्न पहल भइरहेको छ ।

४) राजश्व न्यायाधीकरणको मुद्दा र हिमालयन डिष्टिलरी संगको मुद्दा वारे अद्यावधिक जानकारी गराई दिनु हुन अनुरोध छ ।

- राजश्व न्यायाधीकरणको मुद्दाबारे प्रतिवेदनको पेज नं. ४३ को दफा ७ मा स्पष्ट गरिएको छ । हिमालयन डिष्टिलरीको मुद्दामा यही मंसीर २८ गते नि.सु. पेशी तोकिएको छ ।

५) अन्तराष्ट्रिय वजारमा देखिएको वर्तमान वित्तीय संकटले बैंकमा कस्तो असर पारेको छ ?

- यो संकटले बैंकलाई हालसम्म प्रत्यक्ष प्रभाव पारेको छैन । तथापि, बैंकले जोखिम व्यवस्थापनलाई शशक्त वनाएको छ र मार्जिन लेण्डिङ्ग, रियल इस्टेट र घर कर्जाहरुमा भएको लगानीलाई नियमित रुपमा अनुगमन गरिरहेको छ ।

६) वैंकले पश्चिम नेपालमा शाखा विस्तार तर्फ ध्यान दिनुपर्‍यो ।

- वैंक पश्चिम नेपालको भैरहवामा शाखा खोल्ने तयारीमा रहेको र क्रमिक रुपमा आफ्नो सञ्जाल विस्तार गर्दै लैजाने रणनीति अनुसार काम गरिरहेको छ ।

७) वैंकले थप जग्गा खरीद गरेकोमा वधाई छ, उक्त जग्गाको विवरण वताई दिनु हुन अनुरोध छ ।

- बैंकले हात्तिसारको आफ्नो जग्गासंग जोडिएको १ रोपनी र १५ आनाका दुई प्लट जग्गाहरु खरिद गरेको छ । उक्त जग्गामा बैंकको ४०.३४ प्रतिशत स्वामित्व छ ।

८) एभरेष्ट इन्स्योरेन्स लि. र नेपाल बैंकको शेयरमा गरिएको लगानीबाट कस्तो प्रतिफल प्राप्त भएको छ ?

- दुवै लगानी मर्जर पूर्व हाइसेफबाट भएको हो । एभरेष्ट इन्स्योरेन्सको शेयरमा वोनस शेयरको रुपमा प्रतिफल प्राप्त भएको छ । नेपाल बैंकको शेयर डिलिस्टिङ्ग भएकोले उक्त लगानीमा बैंकले शतप्रतिशत नोक्सानी व्यवस्था गरेको छ । नेपाल बैंकको शेयर पुन सुचिकृत भए पछि बिक्री गर्दा प्राप्त हुने सम्पूर्ण रकम बैंकको नाफामा जानेछ ।

९) विदेशी बैंकमा पनि लगानी छ की ? त्यस्तो लगानी कति सुरक्षित छ ? विश्व वजारवाट आयात हुने वस्तुहरुको मूल्यमा आएको ह्रासले अन्य बैंकलाई झैं असर गर्ने हो की ?

- बैंकका सवै किसिमका लगानीहरु सुरक्षित प्रकृतिका छन् । आयात गरिने विभिन्न वस्तुहरुको अन्तराष्ट्रिय मुल्यमा आएको ह्रासले बैंकको कारोवारमा हालसम्म कुनै असर पारेको छैन ।

१०) बैंकको कार्यकारी समितिको नाम दिनुको सट्टा फोटो समेत दिएको भए राम्रो हुने थियो ।

- सुझावको लागि धन्यवाद ।

११) सर्वसाधारण शेयरधनीलाई उपेक्षा गरे जस्तो लाग्छ, समयमा शेयरधनीहरुको नामावली पनि उपलब्ध गराईएन । शेयरधनीहरुको नामावलीमा ठेगाना अध्यावधिक गर्नु पर्‍यो ।

- शेयरधनीहरुलाई उपेक्षा गरिएको छैन । शेयरधनीहरुको नामावली दाखिल खारिजको काम समाप्त भई सकेपछि उपलब्ध गराईएको हुंदा ढिलो भएको हुन सक्छ । शेयरधनीहरुको ठेगाना अद्यावधिक गर्दै लगिनेछ ।

१२) बैंक भित्र Corporate Culture भएन नीजि कम्पनी जस्तो भयो सोच फराकिलो हुनुपर्छ ।

- यस विचारसंग म पूर्ण रुपमा असहमत छु । बैंकले संस्थागत शुशासनको विषयमा उच्च मापदण्डहरु कायम राखेको छ । यस सम्वन्धी बैंकले अख्तियार गरेको नीतिको संस्थागत रुपमा नै प्रशंशा भएको छ । यसलाई निरन्तर विकसित गर्दै लैजान बैंक सदैव क्रियाशील रहनेछ ।

१३) कर्मचारीहरुलाई सम्पत्तिको रुपमा लिनु पर्‍यो । महिला र स्थानीय व्यक्तिलाई प्राथमिकता दिनुपर्छ।

- आफ्ना कर्मचारीहरुलाई बैंकले सम्पत्तिको रुपमा लिएको छ । कर्मचारीहरुमा महिलाहरुको उल्लेख्य ३५ प्रतिशत भन्दा बढी उपस्थिति छ । बैंकले शाखा खोल्दा स्थानीय व्यक्तिलाई प्राथमिकता दिंदै आएको छ ।

१४) शेयर नामसारी गर्दा प्रति प्रमाणपत्र रु.५/- शुल्क लिने गरेको र उक्त रकम बुझाउन बैंकको व्यस्त काउन्टरमा लाईन लाग्नुको सट्टा अर्को व्यवस्था भए सजिलो हुने थियो ।

- यस विषयमा भएको व्यवस्था अध्ययन गरी व्यवस्थापनले उचित निर्णय लिनेछ ।

१५) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत नभएको भनी प्रतिवेदनको पेज नं. ७ को दफा ७ र प्रतिवेदनको पेज ५४ मा छापिएको नेपाल राष्ट्र बैंकको पत्र एक आपसमा मेल खाएको देखिएन ।

- लेखापरीक्षण प्रतिवेदनमा सामान्य प्रशासनिक विषयहरुसंग सम्बन्धित कैफियत मात्र भएको र ती कैफियतहरु सुधार गर्न नेपाल राष्ट्र बैंकको पत्रले ध्यानाकर्षण गरेको हो । वार्षिक प्रतिवेदनमा उल्लेख हुनु पर्ने गम्भीर प्रकृतिका वा वित्तीय विवरणहरुसंग सम्वन्धित कुनै पनि किसिमको कैफियतहरु नभएको प्रष्ट पार्दछु ।

१६) बार्षिक प्रतिवेदन निःशुल्क विज्ञापनको माध्यम भएकोले बाहिरी खाली पेजमा बैंकको सेवा सुविधाहरु दिएमा राम्रो हुने थियो ।

- सुझावको लागि धन्यवाद ।

अध्यक्षज्यूबाट लिखित राय सुझाव दिनुहुने शेयरधनीहरुको अधिकांश जिज्ञासा माथि समावेश भईसकेको र डा. माधव कुमार श्रेष्ठको CORPORATE LEADERSHIP सम्बन्धी सुझावबारे बैंकलाई जानकारी भयो ।

## ९. प्रस्ताव माथि छलफल तथा निर्णयहरुः

### (क) सामान्य प्रस्तावः

(१) अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आठौं वार्षिक प्रतिवेदन पारित गर्ने :
सभाका अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आठौं वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६४/०६५ को नाफा–नोक्सान हिसाव तथा नगद प्रवाह विवरण पारित गर्ने :
सभाका अध्यक्षज्यूले लेखापरीक्षकको प्रतिवेदन सहितको २०६५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६४/०६५ को नाफा–नोक्सान हिसाव तथा नगद प्रवाह विवरण पारित गर्ने प्रस्ताव सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०६५/०६६ को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने :
कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०६५/०६६ को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धी प्रस्ताव उपर छलफल गर्दा बैंकको लेखा परीक्षण समितिको सिफारिस अनुसार श्री वांस्कोटा एण्ड कम्पनी चाटर्ड एकाउण्टेण्टस्लाई आ.ब. २०६५/०६६ को लेखापरीक्षकमा नियुक्ति गर्ने र निजलाई आ.ब. २०६५/०६६ को पारिश्रमिक बापत रु. ३,८०,०००/- (VAT बाहेक) उपलब्ध गराउने सर्वसम्मतीबाट निर्णय पारित गरियो ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम नगद लाभांश स्विकृत गर्ने :
सञ्चालक समितिले सिफारिस गरे बमोजिम रु. ९६,३२,००० रकम नगद लाभांशको रुपमा स्वीकृत गर्न सभापतिज्यूले पेश गर्नु भएको प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

(५) बैंकको जारी तथा चुक्ता पुंजी वृद्धि गरी रु. १,५३,७२,००,०००/ (अक्षरेपी एक अर्व त्रिपन्न करोड वहत्तर लाख) पुर्‍याउने :
बैंकको जारी तथा चुक्ता पुंजी वृद्धि गरी रु. १,५३,७२,००,०००/ (अक्षरेपी एक अर्व त्रिपन्न करोड वहत्तर लाख) पुर्‍याउने प्रस्ताव माथि छलफल गर्दा वोनस शेयर जारी गर्दा आउने भिन्न (Fraction) अंकको बोनस शेयरलाई पूर्ण (Whole) अंकमा परिणत गरी सो अंक वमोजिम हुने वोनस शेयर जारी गर्ने । यसरी वोनस शेयर जारी गर्दा ८६१ कित्ता वोनस शेयर थपिने र सो वमोजिम थप भई हुन आउने जम्मा वोनस शेयर कित्ता १८,३०,८६१ समेत १,०९,८०,८६१ कित्ता शेयरमा ४० प्रतिशतका दरले हकप्रद शेयर जारी गर्दा बैंकको १,५३,७३,२०५.४० कित्ता शेयर जारी हुने भएकोमा प्रति एक शेयरको मूल्य रु. १०० हुने भएकोले राउण्ड फिगरमा रु. १, ५३,७३,२०,५००/- (अक्षरेपी रुपैया एक अर्व त्रिपन्न करोड त्रिहत्तर लाख विस हजार पांच सय) कायम गरी सोही वमोजिम पूंजी वृद्धि गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो । साथै उक्त जारी तथा चुक्ता पूंजीमा भएको हेरफेर अभिलेख गराउने कममा नियमनकारी निकायहरुवाट कुनै परिवर्तन गर्न निर्देशन प्राप्त भएमा सो वमोजिम गर्न सञ्चालक समितिलाई अख्तियारी दिने समेत निर्णय सर्वसम्मतीले पारित गरियो ।

(६) समूह (क) का शेयरधनीहरुबाट नियुक्त सञ्चालकहरुको सम्बन्धमा जानकारी गराउने :
कम्पनी सचिवले समूह (क) का संस्थापक शेयरधनीहरुबाट नियुक्त सञ्चालकहरुको पदावधी मिति २०६५/०१/०२ मा समाप्त भएको हुंदा संस्थापक समूहबाट प्रतिनिधित्व गर्न मिति २०६५/०१/२४ मा श्री राजेन्द्र कुमार खेतान, श्री चन्द्र प्रकाश खेतान, श्री गोपी कृष्ण सिकरिया र रतन लाल संघई नियुक्त हुनुभएको र सो नियुक्ति पश्चात बसेको सञ्चालक समितिको बैठकले

समितिको अध्यक्षमा श्री राजेन्द्र कुमार खेतान र सल्लाहकारमा श्री मधुसुदन अग्रवाललाई नियुक्त गरेको कुरा सभालाई जानकारी गराउनुभयो ।

**(ख) विशेष प्रस्तावः**

(१) २०६५ आषाढ मसान्तमा समाप्त वर्षको मुनाफा तथा पूंजी समायोजन कोषको रकम समेत पूंजीकृत गरी बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गर्न २० प्रतिशत (५:१ को अनुपातमा) वोनस शेयर जारी गर्न तथा उक्त अनुपातमा बोनश शेयर जारी गर्दा कुनै भिन्न (Fraction) अंक आएमा शेयरधनी समूहको बर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न (Fraction) अंकको बोनस शेयरलाई पूर्ण (Whole) अंकमा परिणत गरी तदनुकुल जारी तथा चुक्ता पूंजीमा समायोजन गर्न पारित गर्ने :

यस साधारण सभासम्म कायम रहेका शेयरधनीहरुलाई २० प्रतिशत (५:१ को अनुपातमा) वोनस शेयर जारी गर्ने सम्वन्धि विशेष प्रस्ताव पारित गर्न अध्यक्षज्यूले अनुरोध गर्नु भएकोमा निम्न वमोजिमको निर्णय सर्वसम्मतिले पारित गरियो:

(क) बैंकको हाल कायम रहेका शेयरधनीहरुलाई ५ (पांच) शेयर वरावर नयां (१) एक कित्ता शेयर (५:१) का दरले वोनस शेयर निश्कासन गर्ने निर्णय सर्व सम्मतिले पारित गरियो ।

(ख) वोनस शेयर निश्कासन गर्दा कुनै भिन्न (Fraction) अंक आएमा उक्त शेयरलाई माथिल्लो पूर्ण (Whole) अंकमा परिणत गर्ने र यसो गर्दा जम्मा ८६१ कित्ता थप वोनस शेयर जारि गर्नुपर्ने हुंदा सम्वन्धित निकायको स्वीकृति लिनु पर्नेमा आवश्यक स्वीकृति लिई सोलाई समायोजन गर्ने निर्णय गरियो । यस सम्वन्धमा आवश्यक निर्णयहरु गरी बैंकको जारी तथा चुक्ता पूंजीमा भएको हेरफेर अभिलेख गराउने लगायत अन्य प्रकृयाहरु वारे निर्णय गर्न सञ्चालक समितिलाई अख्तियारी दिने समेत निर्णय सर्वसम्मतीले पारित गरियो ।

(ग) वोनस शेयर निश्कासन गर्दा आएको भिन्न (Fraction) अंकका शेयरलाई माथिल्लो पूर्ण (Whole) अंकमा परिणत गर्दा नपुग हुने रकम सम्वन्धित शेयरधनीहरुवाट असुलउपर गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

(२) बोनस शेयर जारी भई कायम भएको पूंजीको ४० प्रतिशत अर्थात १० कित्ता शेयर वरावर ४ कित्ताका दरले हकप्रद शेयर निश्काशन गर्ने प्रस्ताव पारित गर्ने :

बोनस शेयर जारी भई कायम भएको शेयर पूंजीमा ४० प्रतिशत अर्थात १० (दश) कित्ता शेयर वरावर ४ (चार) कित्ता (१०:४) का दरले हकप्रद शेयर निश्काशन गर्ने सम्बन्धी विशेष प्रस्ताव उपर छलफल हुंदा सर्वसम्मतीले पारित गरियो ।

(३) बैंकको प्रवन्ध पत्रको संशोधन पारित गर्ने :

माथि सामान्य प्रस्ताव नं. ५ र विशेष प्रस्ताव नं. १ र २ मा भएको निर्णय अनुसार बैंकको प्रवन्ध पत्रमा देहाय वमोजिमको संशोधन पारित गर्ने निर्णय गरियो ।

दफा ५ को खण्ड (ख) बैंकले तत्काल जारी गर्ने शेयर पूंजी रु.१,५३,७३,२०,५००/- (अक्षरेपी रु पैया एक अर्व त्रिपन्न करोड त्रिहत्तर लाख विस हजार पांच सय) हुनेछ ।

दफा ५ को खण्ड (ग) बैंकको तत्काल चुक्ता पूंजी १,५३,७३,२०,५००/- (अक्षरेपी रुपैया एक अर्व त्रिपन्न करोड त्रिहत्तर लाख विस हजार पांच सय) हुनेछ ।

साथै उल्लेखित पारित प्रवन्धपत्रमा संशोधन अभिलेख गराउने क्रममा नियमन निकायहरुबाट कुनै थपघट हुने भएमा सञ्चालक समितिमा छलफल गरी थपघट गर्ने गरी सञ्चालक समितिलाई अधिकार दिने निर्णय समेत गरियो ।

(ग) **विविध ।**

विविध शीर्षक अन्तर्गत छलफल गर्दा नेपाल धितोपत्र बोर्डले मिति : २०६५/०७/२७ देखि लागु हुने गरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ जारी गरेकोमा सो अन्तर्गत साविकका शेयरधनीहरुले हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था लगायत अन्य आवश्यक कुराहरुमा प्रवन्धपत्र र नियमावलीमा संशोधन गने अख्तियारी सञ्चालक समितिलाई दिने निर्णय गरियो ।

(घ) समूह (ग) का शेयरधनीहरुवाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

समूह (ग) का शेयरधनीहरुबाट २ (दुई) जना सञ्चालकहरुको निर्वाचन सम्बन्धमा निर्वाचन अधिकृत श्री सीताराम अग्रवालज्यूले सभालाई निम्न बमोजिम जानकारी गराउनुभयो :

क) निर्वाचन कार्यक्रम लक्ष्मी बैंक लि.को सञ्चालक निर्वाचन निर्देशिका, २०६५ को व्यवस्था अनुरुप भएको र मिति २०६५/०८/११ गते अपरान्ह ४ बजे सम्ममा देहायका व्यक्तिहरुको उम्मेद्वारी परेको :

१. श्री जीवनराज कंडेल
२. श्री तुलसी प्रसाद बराल
३. श्री भोलाबाबु अधिकारी
४. श्री मधुसुदन अग्रवाल

ख) मिति २०६५/०८/१५ अपरान्ह ४ बजे सम्ममा उम्मेद्वारहरुले आफ्नो नाम फिर्ता लिने समय रहेकोमा सो समयमा फिर्ता नलिई लक्ष्मी बैंक लि.को सञ्चालक निर्वाचन निर्देशिका, २०६५ को दफा १२ बमोजिम अध्यक्षज्यूको अनुमति प्राप्त गरी देहायका उम्मेद्वारहरुले साधारणसभा हुने दिनमा उम्मेद्वारी फिर्ता लिनु भएको :

१. श्री तुलसी प्रसाद बराल
२. श्री मधुसुदन अग्रवाल

ग) सर्वसाधारण शेयरधनी समूह "ग" बाट २ जना सञ्चालकहरुको मात्र स्थान रहेकोमा २ जना उम्मेद्वारहरुले आफ्नो नाम फिर्ता लिए पश्चात २ जना मात्र उम्मेद्वारहरु बांकी रहनु भएकोले श्री जीवनराज कंडेल र श्री भोला बाबु अधिकारीज्यू सञ्चालकमा सर्वसम्मत रुपमा निर्वाचित हुनु भएको ।

नवनियुक्त सञ्चालकहरुलाई अध्यक्षज्यू र प्रमुख कार्यकारी अधिकृतज्यूले स्वागत गर्नुभयो । अध्यक्षज्यूले निर्वाचन अधिकृत लगायत उम्मेद्वारी फिर्ता लिनुहुने श्री तुलसी प्रसाद बराल र श्री मधुसुदन अग्रवालज्यूलाई उम्मेद्वारी फिर्ता लिई निर्वाचन कार्यक्रमलाई सुलभ र छिटो सम्पन्न गर्न सहयोग गर्नुभएकोमा धन्यवाद दिनुभयो ।

१०. **धन्यवाद ज्ञापनः**

विविध शिर्षक अन्तर्गत छलफलको कुनै पनि विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, पत्रकारहरु, बैंकका कर्मचारीहरु, निर्वाचन अधिकृत तथा अन्य पदाधिकारीहरु एवं यो साधारणसभा सफल गराउन सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिदै सभा विर्सजन भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| ..................................... | ..................................... |
| भुवनेश्वर प्रसाद शाह | राजेन्द्र कुमार खेतान |
| कम्पनी सचिव | सभापति/सं.समितिका अध्यक्ष |

मितिः २०६५/०८/१८